*[संवत् २०५२ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री हरिप्रसाद 'गोर्खा' राईलाई र सोही सालको 'मदन पुरस्कार' 'योजनगन्धा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री विनोदप्रसाद धिताललाई समर्पण गर्न संवत् २०५३ कार्तिक २ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १४८ बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू, उपकुलपतिज्यू, पुरस्कार विजयीद्वय विभूतिहरू, महिला तथा सज्जनवृन्द !

मेरो काम यसपालि तुलनात्मक हिसाबले सरल छ, किनभने पोहोरको दसैंमा जस्तो कुनै रोमाञ्चकारी घटना हुने देखिन्न– छैन पनि। यहाँहरू पाल्नुभयो- दसैंको उज्यालो रमझमलाई एकछिन साहित्यानुरागमा गुट्मुट्याई पाल्नुभयो- त्यही हाम्रा निम्ति सौभाग्य एवं गनिमतको कुरा भयो। त्यसका निमित्त जतिसुकै भूरि-भूरि धन्यवाद टक्रयाउँदै आभार व्यक्त गरे पनि त्यो थोरै नै हुन्छ; किनभने, यहाँहरूको साहित्य-प्रेम र साहित्यिक श्रद्धाप्रति मेरो जतिसुकै पनि हृदयभरि धन्यवाद सुदामाको तण्डुलभन्दा बढी हुँदैन। मैले यसो भन्ने धृष्टता किन गरें भने, यहाँहरूको आगमनलाई समस्त नेपाली साहित्य-जगत्को प्रतिनिधित्व ठानेको मात्र हैन कि 'मदन-पुरस्कार' समर्पण समारोहमा भेला हुनु भनेको तपोवनस्थित नेपाली साहित्य मन्दिरमा श्रद्धा र भक्तिपूर्वक फूलमाला एवं सङ्ख-घण्टसहित उपस्थित भएको भन्ने हामीले ठानेकाले हो। साँच्चै भनूँ भने, यहाँहरूसितको यो जमघट नेपाली-भाषा-महा-सरस्वतीको मन्दिरको वार्षिक अर्चनाको संयोग हो; अतएव, सहस्र धन्यवाद जनाउँदछु। पारिवारिक समुल्लास, बन्धुबान्धवसितको भेटघाट, कतिपय कारणले मनोरम वातावरणलाई एकछिन घरमै भोटेताल्चाभित्र राखी जो यहाँहरू पाल्नुभयो, त्यसले हाम्रो हृदय उदाङ्ग खुलेको, फुलेको र समुज्ज्वलित भएको छ।

आजको उत्सवमा, यथावत्, हामीकहाँ दुई जना बेहुला पाल्नुभएको छ। हरिप्रसाद 'गोर्खा' राई दूरदेश कोहिमा नागाल्यान्डदेखि लड्दै-पड्दै, हिँड्दै-गुड्दै, उड्दै हामीलाई प्रोत्साहन दिन प्राचीन कालमा चारधाम गर्न नेपाली जसरी नेपाली भाषासेवामा ओतप्रोत भएर पाल्नुभयो। उमेर ढल्केको नै भए पनि मनको ऊर्जालाई तन्नेरी पारी उपस्थित हुनुभएकोमा मन भए तनले केही गर्न सक्तो रहेनछ भन्ने ठानी हामी आश्चर्यपुलकित एवं गद्गद भएका छौं। उहाँको वास्तविक उमेर (आमाले भनेको चाहिँ भिन्नै) नजानी शारदा वा भारती कालमा उहाँका रचना पढ्दा मैले त आफ्नै सहयोगी ठानेको थिएँ। अहिले पो थाहा भयो- उहाँ धेरै 'सिनियर' एवं अग्रज हुनुहुँदो रहेछ। हाम्रो पुरस्कार ग्रहण गरिदिन यति दुःख फेली पाउकष्ट गरिदिने हिम्मत गर्नुभएकोमा उहाँ हाम्रा श्रद्धेय एवं धन्यवादार्ह अतिथि हुनुहुन्छ। मैले माथि जो "बेहुलो" भने त्यसमा के अर्थ सम्फिइन्छ भने उहाँले पाएको 'जगदम्बा-श्री' उहाँका निमित्त बहुतै बहुतै मर्मस्पर्शी जीवनसँगी साबित हुनेछ र यसको संस्मृतिले बेला आएका बखत, उहाँलाई 'महाप्रस्थान' मा समेत साथ दिनेछ।

रह्यो 'विनोदबाबु'को कुरा- जसले चार हजार, दस हजार, तीस हजार, पचास हजार हुँदासम्म चुप लागेर एक लाखको रकम पुग्दा मदन पुरस्कारलाई बल्छीमा पार्न सफल हुनुभयो। किनभने उहाँको प्रतिभा स्फुरण भएको धेरै वर्ष पहिले हो। उहाँ पुरस्कार-विजेता भएकोमा, पारिवारिक दृष्टिले हेर्दा, मलाई बडो आनन्द आएको छ- पाथिभात खाएजस्तो भएको छ। किनभने सानै छँदा, व्रतबन्ध गर्नुपहिले, एउटै थालमा खाइयो अनि एकै छानामुनि प्रायः एकै ठाउँमा सुतियो- हुर्किइयो; अनि अहिले आएर उहाँले यत्रो इज्जत र धन-राशि पनि हात लाउँदा यसको आधाभाग आफैंले पाएजस्तो मलाई लागेको छ। गौरवको कुरा त के छ भने, गोरखाका घिताल परिवारमा 'मदन पुरस्कार'-लक्ष्मीले गृह-प्रवेश गरिन्। हाम्रो चलनमा आफ्ना मान्यजनलाई 'धन्यवाद' भनेर औपचारिकता प्रकट गर्ने चलन छैन। त्यसैले विनोदबाबुलाई यो पुरस्कार स्वीकार गरेकोमा औपचारिक धन्यवाद नचढाएर मनमनै यसैको केही प्रतिशत मेरो हो नि भनेर अंशियारी 'दावी' मात्र गरौं।

अब आयो हाम्रा श्रद्धेय विशिष्ट अतिथि राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति मदनमणि आचार्य दीक्षितको पालो। उहाँलाई मैले चिन्न पाएको धेरै पहिले हो जुनबेला उहाँ बी.एच.यू.को वरिष्ठ विद्यार्थी हुनुहुन्थ्यो- रामकटौरा बनारसमा बस्ने र म चाहिँ सरकारी संस्था क्विन्स कलेजमा संस्कृतको परीक्षा दिन हिउँद-हिउँदमा गई दुग्ध विनायकमा डेरा गरी बस्ने विद्यार्थी। आफ्नो प्रतिभा तरेलीमा स्वर्णिम अथवा दिव्य तरिकाले उक्लँदै उच्चतम शिखरमा पुग्नुभएका दीक्षितज्यूलाई आज हाम्रो प्रमुख प्रवक्ताको रूपमा पाउँदा हामी बहुतै गौरवान्वित भएका छौं। त्यसो त उहाँले हाम्रो परिवारमा संलग्न हुने निर्णय उसैबेला गर्नुभएको थियो जुनबेला उहाँको

'माधवी'ले 'मदन पुरस्कार' पोल्टयाएको थियो । हाम्रो निःशुल्क तर अति विनम्र अनुरोधमा यहाँ पाल्नुभई जो सारगर्भित प्रवचन हामीलाई दिनुभयो सो ऐतिहासिक महत्त्वको हुने र हाम्रो जो भएको गरिमालाई गह्रंकिलो बनाउनेछ भन्ने दृढ विश्वासका साथ म उहाँलाई मदन पुरस्कार गुठीका तर्फबाट सहर्ष सहस्र साधुवाद एवं धन्यवाद टक्रयाउँदछु ।

मैले टक्रयाउनुपर्ने धन्यवादको क्रममा औपचारिकता त्यहाँसम्म अधुरै रहन्छ जहाँसम्म म यो महफिललाई क्रियाशील बनाउन प्राङ्गण सुम्पने रातो बङ्गला स्कूलका निर्देशक तथा प्रिन्सिपल-द्वय, सभाको सारा बन्दोबस्त मिलाउने जगदम्बा अफसेटका व्यवस्थापक र म.पु.गुठीका कार्यालय-सचिवद्वय, पुरस्कार विजेताहरूलाई स्वागत सामग्री जुटाई आह्वान गर्न मद्दत पुऱ्याउने गृहलक्ष्मीद्वय र हामीलाई यो सभापछि मीठो मुख पार्न सौहार्दता प्रकट गर्ने अन्नपूर्णामय 'देवीजी' र समस्त सानातिना काममा सघाउ पुऱ्याउने कर्मचारीलाई समेत गुठीका तर्फबाट साभार धन्यवाद प्रकट गर्दिनँ ।

महिला तथा सज्जनवृन्द, अध्यक्षज्यूका आज्ञाले आजको यो सभा यहीं बिसर्जन हुन्छ। यहाँहरू सबै बाहिर पाल्नु हुनुअघि प्राङ्गण-द्वारमा राखिएका दुईवटा पुस्तक लिई त्यहाँ रहेको पुस्तिकामा आफ्नो नाम र टेलिफोन वा ठेगाना छोडी जानुभए हामी बहुतै कृतकृत्य हुनेछौं । अब लागौं चमेनागृहतिर ।

☒ ☒ ☒